प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रशासन सेवा, (सामान्य प्रशासन, लेखा र राजस्व समूह) तथा स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, अधिकृतस्तर सातौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रूपरेखाः संयुक्त र एकीकृत परीक्षा प्रणाली (Unified and Integrated Examination System) को आधारमा सबैका लागि निम्नानुसारको विभाजन गरिएको छ।

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम | प्रारम्भिक परीक्षा (Preliminary Examination) | १०० |
| द्वितीय | लिखित परीक्षा (Written Examination) | ३०० |
| अन्तिम | सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता | ६० |

१. प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Examination)

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या×अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुची परीक्षण (Administrative Aptitude Test) | १०० | ४५ | बस्तुगत बहुवैकल्पिक (Multiple Choice) | १०० प्रश्न x१ अङ्क=१०० अङ्क | १ घन्टा ३० मिनेट |

२. द्वितीय चरणः लिखित परीक्षा (Written Examination)

| पत्र | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या×अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | शासकीय प्रणाली (Governance System) | १०० | ४० | विषयगत (Subjective) | ५ x५=२५<br>६ x१०=६०<br>१ x१५=१५ | ३ घन्टा |
| द्वितीय | समसामयिक विषय (Contemporary Issue) | १०० | ४० | विषयगत (Subjective) | ५x५=२५<br>६ x१०=६०<br>१ x१५=१५ | ३ घन्टा |
| तृतीय | सेवा समूह सम्वन्धी (Service related subject) | १०० | ४० | विषयगत (Subjective) | ५ x५=२५<br>६ x१०=६०<br>१ x१५=१५ | ३ घन्टा |

३.अन्तिम चरणः सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview)

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test) | १० | प्रयोगात्मक (Practical) | २० मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | समूहमा व्यक्तिगत प्रस्तुति (Individual Presentation in Group) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ४० | मौखिक (Oral) | |

## प्रशासनिक अभिरुची परीक्षण (Administrative Aptitude Test)

| विषय | खण्ड | विषयबस्तु | अङ्क | पूर्णाङ्क | उत्तिर्णाङ्क | प्रश्नसंख्या×अङ्क |
|---|---|---|---|---|---|---|
| प्रशासनिक अभिरुची परीक्षण (AAT) | (A) | सामान्यज्ञान (General Knowledge) | ५० | १०० | ४५ | ५० प्रश्न x१ अङ्क |
| | (B) | अभिरुची परीक्षण (Aptitude Test) | ३० | | | ३० प्रश्न x १ अङ्क |
| | (C) | नेपाली भाषा परीक्षण | १० | | | १० प्रश्न x १ अङ्क |
| | | English Language Competency Test | १० | | | १० प्रश्न x १ अङ्क |

द्रष्टव्यः

१. यस पाठ्यक्रमलाई प्रथम चरण, द्वितीय चरण र अन्तिम चरण (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) मा विभाजन गरिएको छ।

२. खुला र समावेशी समूहको एउटै प्रश्नपत्रको माध्यमबाट परीक्षा सञ्चालन हुनेछ।

३. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ। तर उत्तर नदिएमा अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन।

५. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।

६. विषयगत प्रश्नहरुको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिनेछ।

७. परीक्षा हलमा मोवाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण, पुस्तक, नोटबुक, झोला लगायतका बस्तुहरु लैजान पाइने छैन।

८. परीक्षामा सोधिने प्रश्नसंख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ।

९. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन्। परीक्षार्थीले प्रत्येक भाग/खण्डका प्रश्नहरुको उत्तर सोही भाग/खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१०. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेका विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

११. लिखित परीक्षाको प्रथम चरणमा प्रारम्भिक परीक्षा हुनेछ। यस प्रारम्भिक परीक्षालाई छनोट परीक्षाको रुपमा मात्र लिई यस परीक्षाको प्राप्ताङ्कलाई अन्तिम नतिजाको अङ्कमा समावेश गरिने छैन।

१२. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ।

१३. द्वितीय चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ।

१४. अन्तिम चरणको सीप परीक्षण र सामूहिक परीक्षणमा उपस्थित नहुने उम्मेदवारलाई अन्तर्वार्तामा सम्मिलित गराईने छैन।

१५. द्वितीय चरणको लिखित परीक्षा र अन्तिम चरणको सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको कुल प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१६. पाठ्यक्रम अध्यावधिक मितिः २०८१।१०।२९

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रशासन सेवा, (सामान्य प्रशासन, लेखा र राजस्व समूह) तथा स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, अधिकृतस्तर सातौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Examination)

प्रथम पत्रः प्रशासनिक अभिरुची परीक्षण

## Part- A

१. सामान्यज्ञान — ५० प्रश्न× १ अङ्क = ५० अङ्क

१.१. भूगोलः व्रह्माण्ड सम्वन्धी, नेपाल तथा विश्वको भूगोल सम्वन्धी जानकारी

१.२. इतिहास, संस्कृति र सामाजिक व्यवस्था

१.२.१. विश्वका प्रमुख ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक एवम् वैज्ञानिक घटनाहरु

१.२.२. नेपालको इतिहास

१.२.२.१. प्राचिनकाल, मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था र नेपालको आधुनिक इतिहास

१.२.२.२. खस राज्यको इतिहास, भाषा, धर्म, संस्कृति र सभ्यता सम्बन्धी जानकारी

१.२.३. नेपालमा लोकतन्त्र प्राप्तिका लागि भएका प्रमुख आन्दोलनहरु र तिनका उपलव्धि

१.२.४. नेपालमा प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला

१.२.५. कर्णाली प्रदेशको भौगोलिक, ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक तथा प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला सम्बन्धी जानकारी

१.३. शासन पद्धति र शासन व्यवस्थाः नेपालको संविधान, राजनैतिक व्यवस्था, अधिकार र कर्तव्यमा आधारित विषयहरु एवं नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको प्रशासनिक तथा शासकीय व्यवस्था सम्बन्धी सामान्य जानकारी

१.४. आर्थिक विकास

१.४.१. नेपालमा विकासका पूर्वाधारहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य र विद्युतको वर्तमान अवस्था, संभावना र चुनौती

१.४.२. नेपालको अर्थतन्त्रः आवधिक योजना, स्रोत परिचालन, आर्थिक वृद्धि र विकास तथा रोजगार

१.४.३. नेपाल र विश्व अर्थतन्त्र बीचको अन्तर्सम्वन्ध

१.४.४. नेपालको योजनाबद्ध विकास र कर्णाली प्रदेशको आवधिक योजना

१.४.५. कर्णाली प्रदेशमा आर्थिक र पूर्वाधार विकासको वर्तमान अवस्था, संभावना र चुनौती

१.५. दिगो विकास, पारिस्थितिक प्रणाली, पर्यावरणीय संरक्षण, जैविक विविधता, जलवायु परिवर्तन, जनसांख्यिक अवस्था, शहरीकरण, बसोवास, वातावरण प्रदूषण

१.५.१. कर्णाली प्रदेशका हिमश्रृङ्खला, हिमनदी, नदी, तालतलैया, वनजंगल र जैविक विविधता

१.५.२. कर्णाली प्रदेशको प्राकृतिक स्रोत साधन तथा सम्पदा संरक्षणको मौलिक अभ्यास तथा राष्ट्रिय सम्पदाहरुको संरक्षण र उपयोग

१.५.३. जलवायु परिवर्तन, कार्वन व्यापार, दिगो विकास, विपद् व्यवस्थापन, वातावरण प्रदुषण नियन्त्रण

१.६. विज्ञान र प्रविधि

१.६.१. प्रमुख वैज्ञानिक अन्वेषण र आविष्कार, प्रसिद्ध वैज्ञानिक र तिनको योगदान

१.६.२. विज्ञान र प्रविधिले मानव जीवन र समाजमा परेको प्रभाव

१.६.३. क्रमविकास, वंशाणु, स्वास्थ्य र घातक रोगहरुबारे सामान्य जानकारी

१.६.४. कर्णाली प्रदेशमा प्रचलित परम्परागत तथा नवीनतम प्रविधिको अवस्था

१.७. अन्तर्राष्ट्रिय मामिला तथा अन्तर्राष्ट्रिय संस्था

१.७.१. सार्क तथा बिमस्टेकका सदस्य राष्ट्रहरु र चीन, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, स्वीजरल्याण्ड र जापानसँग नेपालको सम्बन्ध

१.७.२. संयुक्त राष्ट्र संघीय प्रणाली र नेपालको सहभागिता

१.७.३. आसियान, यूरोपियन यूनियन र नेपाल वीचको सम्वन्ध

१.७.४. कर्णाली प्रदेशमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु

१.८. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक घटना तथा नवीनतम गतिविधिहरुः

१.८.१ राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वैज्ञानिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य र संगीत

१.८.२ महत्त्वपूर्ण व्यक्तित्व तथा विचारकहरु र तिनको योगदान

## Part -B

2. Aptitude Test 30 × 1 = 30 Marks

2.1 Verbal reasoning: series, analogy, classification, coding-decoding, insert the missing character, common property, matrices, direction and distance sense test, ranking order, assertion and reason, induction, deduction, courses of action. 6 × 1 = 6 Marks

2.2 Non-verbal reasoning: series, analogy, classification, Venn diagrams, matrices, construction of squares and triangles, and figure formation and analysis, dot situation, water images, mirror images, embedded figures. 6 × 1 = 6 Marks

2.3 Quantitative aptitude such as arithmetical reasoning /operation, percentage, fraction, decimal, ratio, average, loss, profit, date/calendar, time and work. 6 × 1 = 6 Marks

2.4 General mental ability, Intellectual Intelligence, logical reasoning and analytical ability. 6 × 1 = 6 Marks

2.5 Data interpretation: charts, graphs, tables, data sufficiency. 6 × 1 = 6 Marks

## Part -C

३. नेपाली भाषा परीक्षण १०×१ अङ्क=१० अङ्क

३.१ शुद्धाशुद्धी ज्ञानः सरकारी कामकाजको लेखाइ विशेष गरी टिप्पणी र आदेश, पत्राचार, परिपत्र, निर्देशन, आदेश, विज्ञप्ति, सूचना, विज्ञापन, राजपत्र, प्रतिवेदन, वार्षिक प्रतिवेदन, ऐन, नियमावली, वैठकको माइन्युट तथा निर्णय, प्रशंसा पत्र, निमन्त्रणा पत्र, करारनामा, सम्झौता, कबुलियतनामा, बयान, वेवसाइट, लेख लगायत सवै प्रकारका मस्यौदा वा अन्तिम लिखत तयारी गर्दा शुद्धाशुद्धी लेखाइको परीक्षण। ६×१ = ६ अङ्क

३.२ नेपाली व्याकरणः शव्दवर्ग, नाम, सर्वनाम, विशेषण, अव्यय, काल र पक्ष, वाच्य, धातु र क्रिया, कारक र विभक्ति, करण र अकरण, पदसंगति, शव्दभण्डार र उक्ति परिवर्तन ४×१ =४ अङ्क

4. English Language Competency Test 10 × 1 = 10 Marks

4.1 Vocabulary: 5 × 1 = 5 Marks

Questions will be asked to assess candidates' grasp on the English language vocabulary. The questions will be of the following nature:

- Meaning of the words (literal/figurative/contextual), Single word for expressions, Synonyms/antonyms, Derivatives and Homonyms/homophones

4.2 Syntactic ability: 5 × 1 = 5 Marks

Questions will be asked to assess the syntactic ability of the candidates. The questions will be based on the following categories:

- Agreement, Tense aspect, Parallel structures, Clauses, Modifier, Conditionals, Phrasal expressions, Shifts (tense, number, person), Transformations, Varieties, Prepositions/ conjunctions and Parts of speech

------

द्रष्टव्यः प्रथम पत्र प्रशासनिक अभिरुची परीक्षणको सामान्य ज्ञानको Part-A का पाठ्यक्रमका एकाइहरुबाट यथासम्भव Level I का ६० प्रतिशत र Level II का ४० प्रतिशत गरी निम्नानुसार प्रश्नहरु सोधिनेछ ।

Specification Table

| Unit No. | Contents Title | No. of Questions | Specification | | Remarks |
|---|---|---|---|---|---|
| | | | Level I (६०%) | Level II (४०%) | |
| १.१ | भुगोल | ५ | १३ | ९ | |
| १.२ | इतिहास, संस्कृति र सामाजिक व्यवस्था | ६ | | | |
| १.३ | शासन पद्दति र शासन व्यवस्था | ५ | | | |
| १.४ | आर्थिक विकास | ६ | | | |
| १.५ | दिगो विकास वातावरणीय पारिस्थिति प्रणाली.... | ८ | १७ | ११ | |
| १.६ | विज्ञान र प्रविधि | ७ | | | |
| १.७ | अन्तराष्ट्रिय मामिला तथा अन्तराष्ट्रिय संस्था | ५ | | | |
| १.८ | राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका समसामयिक घटना तथा नवीनतम गतिविधिहरु | ८ | | | |
| Total | | ५० | ३० | २० | |

**Level I Questions**

चार विकल्प मात्र भएका सामान्य बहुवैकल्पिक प्रश्नहरु

**Level II Questions**

चार भन्दा बढी विकल्प हुन सक्ने तर चार विकल्प मात्र प्रदान गरिएका बहुवैकल्पिक स्वरुपका ठीक-बेठीक, जोडा मिलाउने, खाली ठाउँ भर्ने, कारण र प्रभाव सम्बन्ध प्रश्नहरु, नमिल्दो छुट्ट्याउने प्रश्नहरु

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश

प्रदेश निजामती सेवाको प्रशासन सेवा, (सामान्य प्रशासन, लेखा र राजस्व) समूह तथा स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन र लेखा समूह, अधिकृतस्तर सातौं तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

द्वितीय चरणः लिखित परीक्षा

प्रथम पत्रः शासकीय प्रणाली

## Section-(A) 30 Marks

१. राज्य र शासन

१.१. शासनका आधारभूत पक्षहरुः अवधारणा, सन्दर्भ र विशेषताहरु

१.२. शासनको राजनैतिक तथा प्रशासनिक संरचना

१.३. शासन व्यवस्थाका नवीनतम अवधारणाहरु

१.४. राष्ट्र निर्माण र राज्य निर्माण

१.५. राष्ट्रिय सुरक्षा व्यवस्थापनः अवधारणा, क्षेत्र र नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधान र चुनौतीहरु

१.६. शासन प्रणालीः संघीय शासन प्रणाली, अनौपचारिक शासन, सहकारीतामूलक शासन, व्यावसायिक शासन, वहुस्तरीय शासन, विश्वव्यापी शासन र संयुक्त राष्ट्र संघ

१.७. लोकतन्त्र र सार्वजनिक जवाफदेहिता

## Section-(B) 20 Marks

२. संविधान र कानून

२.१. संविधान, संविधानबाद र नेपालको संवैधानिक विकासक्रम

२.२. नेपालको वर्तमान संविधान

२.२.१. मूलभूत विशेषताहरु, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका

२.२.२. मौलिक हक, निर्देशक सिद्धान्त र राज्यका नीतिहरु

२.२.३. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध

२.३. मानव अधिकार र विधिको शासन

२.४. नागरिक शिक्षा, नागरिकका कर्तव्य र जिम्मेवारीहरु

२.५. कानूनका स्रोतहरु तथा नेपालको कानून निर्माण प्रक्रिया

२.६. नेपालको निर्वाचन प्रणाली, निर्वाचन चक्र, समावेशीकरण र सकारात्मक विभेद

२.७. महत्वपूर्ण कानुनी व्यवस्थाहरुः

२.७.१. भ्रष्टाचार निवारण ऐन २०५९

२.७.२. सार्वजनिक खरिद ऐन, २०६३

२.७.३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

२.७.४. कर्णाली प्रदेश सुशासन ऐन, २०७६

२.७.५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२.७.६. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८०

२.७.७. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली, २०८१

२.७.८. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

२.७.९. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

## Section-(C) 30 Marks

३. सार्वजनिक सेवा तथा सुशासन

३.१. सार्वजनिक सेवाको अवधारणा, विशेषता, महत्व र प्रकार

३.२. सार्वजनिक सेवा प्रवाह र सेवा प्रवाहका चुनौती र नवीनतम विकल्पहरु

३.३. सार्वजनिक सेवा वडापत्र अवधारणा, प्रयोग र उपादेयता

३.४. विद्युतीय शासनको अवधारणा, विकास र उपयोग

३.५. सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, अवसर तथा चुनौतीहरु

३.६. राजनैतिक तटस्थता, प्रतिवद्धता, पारदर्शिता र उत्तरदायित्व

३.७. सार्वजनिक कोषको सदुपयोग, सदाचार र नैतिकता

३.८. सार्वजनिक व्यवस्थापन, निजामती सेवा र कर्मचारीतन्त्र

३.९. सार्वजनिक नीति व्यवस्थापनः तर्जुमा प्रक्रिया, विश्लेषण र कार्यान्वयन

३.१०. सुशासनको अवधारणा र नेपालमा अवस्था

३.११. सूचनाको हक र पारदर्शिता

## Section- (D) 20 Marks

४. स्रोत व्यवस्थापन र योजना

४.१. मानव स्रोत व्यवस्थापनः प्राप्ति, विकास, उपयोग र सम्भार

४.२. नेपालको बजेट प्रणाली, सरकारी लेखा र लेखापरीक्षण प्रणाली

४.३. वित्तीय संघीयताको अवधारणा र नेपालमा यसको अभ्यास

४.४. नेपालको योजनावद्ध विकास प्रयास, उपलब्धि, चुनौती र चालू आवधिक योजना

४.५. सहभागितामूलक योजना र विकास

४.६. विकासमा सामाजिक पूँजी निर्माण र सामाजिक उत्तरदायित्व

द्वितीय पत्रः समसामयिक विषय

## Section-(A) 30 Marks

१. सामाजिक मामिलाहरु
- १.१. सामाजिक विकासका आधारभूत पक्षहरु
- १.२. सामाजिक विवाद तथा द्वन्द्व व्यवस्थापन
- १.३. सामाजिक न्याय तथा समानता, सामाजिक संरक्षण, सामाजिक सुरक्षा, सामाजिक जिम्मेवारी
- १.४. स्रोत साधनहरुको न्यायिक वितरणः असमानता र सीमान्तिकरणका आयामहरु
- १.५. सामाजिक तथा सांस्कृतिक रुपान्तरण
- १.६. सांस्कृतिक विविधता र सामाजिक परिचालन
- १.७. जनसंख्या तथा जनसांख्यिकी स्वरुप र बसाँईसराई
- १.८. सङ्गठित अपराधः बिद्युतीय अपराध, मानव बेचविखन तथा ओसारपसार र आतङ्कवाद
- १.९. सामाजिक विकृतिः लागु औषध दुर्व्यसन, मादक पदार्थ सेवन, छाउपडी प्रथा र छुवाछुत
- १.१०. खाद्य सम्प्रभुता र कर्णाली प्रदेशमा खाद्य सुरक्षाको अवस्था, संभावना र चुनौती
- १.११. कर्णाली प्रदेशको सामाजिक विविधताः चुनौती र सम्भावना

## Section-(B) 20 Marks

२. आर्थिक मामिलाहरु
- २.१. आर्थिक वृद्धि तथा विकास
- २.२. आर्थिक विकासका प्रमुख पक्षहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार तथा मानव संशाधन
- २.३. आर्थिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका
- २.४. विकास सहायता परिचालन र वैदेशिक लगानी
- २.५. स्वदेशी तथा वैदेशिक लगानी एवं प्रविधि हस्तान्तरण
- २.६. आर्थिक उदारीकरण र विश्वव्यापीकरण
- २.७. गरिवी, वेरोजगारी र कर्णाली प्रदेशको अवस्था
- २.८. कर्णाली प्रदेशको आर्थिक विकासः अवस्था र सम्भावना

## Section-(C) 30 Marks

३. विकास सम्बद्ध मामिलाहरु
- ३.१. मानव विकासको अवधारणा र कर्णाली प्रदेशमा मानव विकासको अवस्था
- ३.२. पूर्वाधार विकास र कर्णाली प्रदेशमा पूर्वाधार विकासको अवस्था
- ३.३. दिगो विकास, दिगो विकास लक्ष्यहरु (२०१६-२०३०) र स्थानीयकरण
- ३.४. अधिकारमा आधारित विकास र विकासमा नागरिकको संलग्नता
- ३.५. सार्वजनिक निजी साझेदारीको अवधारणा, स्वरुप, उपादेयता र नेपालमा यसको प्रयोग
- ३.६. समुदायमा आधारित विकास, सामाजिक संस्था र सामाजिक परिचालन
- ३.७. विकासमा सूचना सञ्चार प्रविधिको आवश्यकता, प्रयोग र चुनौती
- ३.८. विकासमा नागरिक, नागरिक समाज र गैर सरकारी संस्था र निजी क्षेत्रको भूमिका

## Section- (D) 20 Marks

४. वातावरण सम्बद्ध मामिलाहरु

४.१. पारिस्थितिक प्रणाली र यसको महत्व

४.२. जैविक विविधता र संरक्षण

४.३. वातावरणीय संरक्षण र जलवायु परिवर्तन

४.४. वनविनाश, भूक्षय तथा मरुभूमीकरण

४.५. संकट र विपद् व्यवस्थापन

४.६. नवीकरणीय तथा स्वच्छ उर्जा, उर्जा संरक्षण र उर्जा दक्षता अभिवृद्धि

४.७. प्रदूषण तथा फोहोरमैलाको दिगो व्यवस्थापन

४.८. वातावरण र विकास वीचको अन्तरसम्बन्ध

………

तृतीय पत्रः सेवा समूह सम्बन्धी

## Section-(A) 30 Marks

१. सार्वजनिक व्यवस्थापन

१.१. व्यवस्थापनको परिभाषा र कार्यक्षेत्र तथा सार्वजनिक व्यवस्थापनका नवीनतम प्रवृत्ति र दृष्टिकोण

१.२. सार्वजनिक व्यवस्थापनः निर्देशन, नियन्त्रण, पदसोपान, निर्णय प्रक्रिया, नेतृत्व, समन्वय, अधिकार प्रत्यायोजन र निक्षेपण, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन

१.३. नेपालको सार्वजनिक प्रशासनको विकासक्रम र प्रशासन सुधार

१.४. कर्मचारी व्यवस्थापनका विविध पक्षहरुः पद वर्गीकरण, भर्ना, छनौट, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तलब तथा अन्य सुविधा, तालिम, उत्प्रेरणा, वृत्ति विकास, कार्यसम्पादन मूल्यांकन र अवकाश

१.५. व्यवस्थापन परीक्षण र संगठन तथा व्यवस्थापन सर्वेक्षण

१.६. सामाजिक सञ्जाल व्यवस्थापन

१.७. पेशागत व्यावसायिकता, अनुशासन र आचारसंहिता

१.८. नागरिकबाट सार्वजनिक कार्यको मूल्यांकनः सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र तेश्रो पक्ष मूल्याङ्कन

१.९. संगठनः अवधारणा, प्रकृति, प्रकार र संगठनात्मक विकास

## Section-(B) 20 Marks

२. राजस्व प्रशासन

२.१. संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली

२.२. राजस्वको अवधारणा, सिद्धान्त र नेपालमा यसको प्रयोग

२.३. सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋणको अवधारणा

२.४. नेपालमा कर प्रणालीः वर्तमान स्वरुप र कार्यान्वयनको अवस्था

२.५. संघ, प्रदेश र स्थानीय तहको राजस्वको क्षेत्राधिकार र तिनको उपयोग

२.६. अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड

२.७. आर्थिक नीतिः वित्त नीति र मौद्रिक नीति

२.८. संघ, प्रदेश र स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन प्रणाली

२.९. वित्त व्यवस्थापन सूचना प्रणालीः संघ, प्रदेश र स्थानीय तहको वित्त व्यवस्थापन सूचना प्रणाली

२.१०. सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व

## Section-(C) 30 Marks

३. सरकारी आर्थिक कारोवारको लेखाङ्कन र लेखापरीक्षण प्रणाली

३.१. सरकारी आर्थिक कारोवारः परिचय, विशेषता, कारोवार विश्लेषण, प्रारम्भिक लेखाङ्कन, खातामा प्रविष्टि र प्रतिवेदन सम्बन्धी व्यवस्था

३.२. दोहोरो लेखा प्रणाली, नगद र प्रोदभावीमा आधारित लेखा प्रणाली

३.३. खाता सूची, एकल खाता कोष तथा राजस्व व्यवस्थापन सूचना प्रणाली सम्बन्धी जानकारी

३.४. सार्वजनिक सम्पति तथा जिन्सी व्यवस्थापन प्रणाली र धरौटी लेखा

३.५. सार्वजनिक क्षेत्रको लेखामान र आर्थिक कार्यविधि सञ्चालन सम्बन्धी कानुनी व्यवस्था
३.६. सार्वजनिक खरिद व्यवस्थापन र यस सम्बन्धी कानुनी व्यवस्था
३.७. लेखापरीक्षणको परिचय, उद्देश्य, प्रकार र आधारभूत सिद्धान्त
३.८. सरकारी तथा संगठित क्षेत्र लेखापरीक्षणमान
३.९. वित्तीय जोखिम, बेरुजु, बेरुजु फछ्यौंट सम्बन्धी व्यवस्था
३.१०. संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण तथा सार्वजनिक संस्थानको लेखापरीक्षण
३.११. महालेखापरीक्षक र लेखापरीक्षण सम्बन्धी कानुनी व्यवस्था

## Section- (D) 20 Marks

४. संघीय शासन प्रणाली तथा संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध
४.१. संघीय शासन प्रणाली र नेपालमा संघीय शासन व्यवस्था
४.२. संसद र संसदीय समितिहरु
४.३. संसदीय पदाधिकारी, संसदीय दल र संसदमा प्रतिपक्षको भूमिका
४.४. संवैधानिक निकायहरुबीचको अन्तरसम्वन्ध
४.५. प्रदेश सभाका समितिहरु र प्रदेश सभा सञ्चालन तथा व्यवस्थापन कार्यविधि
४.६. संघीय, प्रदेश र स्थानीय तहका पदाधिकारीहरुको आचारसंहिता, अनुशासन, उत्तरदायित्व, सदाचार र नैतिकता
४.७. गाउँ/नगर सभा, गाउँ/नगर कार्यपालिका सम्वन्धी व्यवस्था र अन्तर्गतका समितिहरु
४.८. संघ, प्रदेश र स्थानीय तह वीचको राजनीतिक, प्रशासनिक र वित्तीय अन्तरसम्बन्ध

३. अन्तिम चरणः कम्प्युटर सीप परीक्षण (Computer Skill Test, Group Test & Interview)

विषयः सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test)
प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)

| विषय | पूर्णाङ्क | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (IT Skill Test) | १० | Nepali Typing | २.५ अङ्क | ५ मिनेट |
| | | English Typing | २.५ अङ्क | ५ मिनेट |
| | | Windows basic, Email and Internet | १ अङ्क | १० मिनेट |
| | | Word processing | २ अङ्क | |
| | | Presentation System | १ अङ्क | |
| | | Electronic Spreadsheet | १ अङ्क | |
| जम्मा | | | १० अङ्क | २० मिनेट |

Contents

1. Windows basic, Email and Internet (0.5×2=1 Mark)
   1.1. Introduction to Graphical User Interface
   1.2. Use & Update of Antivirus
   1.3. Concept of virus, worm, spam etc.

1.4. Starting and shutting down Windows
1.5. Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
1.6. Concept of file, folder, menu, toolbar
1.7. Searching files and folders
1.8. Internet browsing & searching content in the web
1.9. Creating Email ID, Using email and mail client tools
1.10. Basic Network troubleshooting (checking network & internet connectivity)

2. Word processing (0.5×4=2 Marks)

2.1. Creating, saving and opening documents
2.2. Typing in Nepali and English
2.3. Copying, Moving, Deleting and Formatting Text
2.4. Paragraph formatting (alignment, indentation, spacing etc.)
2.5. Creating lists with Bullets and Numbering
2.6. Creating and Manipulating Tables
2.7. Borders and Shading
2.8. Creating Newspaper Style Documents Using Column
2.9. Security Techniques of Document
2.10. Inserting table, header, footer, page number, Graphics, Pictures, Symbols
2.11. Page setting, previewing and printing of documents
2.12. Mail merge

3. Presentation System (0.5×2=1 Mark)

3.1. Introduction to presentation application
3.2. Creating, Opening & Saving Slides
3.3. Formatting Slides, Slide design, Inserting header & footer
3.4. Slide Show, hyper link
3.5. Animation
3.6. Inserting Built-in picture, Picture, Table, Chart, Graphs, and Organization Chart etc.

4. Electronic Spreadsheet (0.5×2=1 Mark)

4.1. Organization of Electronic Spreadsheet applications (Cells, Rows, Columns, Worksheet, Workbook and Workspace)
4.2. Creating, Opening and Saving Work Book
4.3. Editing, Copying, Moving, Deleting Cell Contents
4.4. Formatting Cells (Font, Border, Pattern, Alignment, Number, Protection, Margins and text wrap)
4.5. Formatting Rows, Column and Sheets
4.6. Using Formula with Relative and Absolute Cell Reference
4.7. Using Basic Functions (IF, SUM, MAX, MIN, AVERAGE etc.)
4.8. Sorting and Filtering Data

## अंग्रेजी र नेपाली Typing Skill Test को लागि निर्देशन

१. नेपाली Typing skill test को लागि १५० शब्दको एउटा text दिइनेछ र देहाय अनुसार अङ्क प्रदान गरिनेछः

| शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) | पाउने अङ्क |
|---|---|
| ५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ५ वा सो भन्दा बढी र ८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ८ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १० वा सो भन्दा बढी र १३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १३ वा सो भन्दा बढी र १५भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| १८ वा सो भन्दा बढी र २० भन्दा कम शुद्धशब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २० वा सो भन्दा बढी र २३ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २३ वा सो भन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

२. English typing skill test को लागि २०० शब्दको एउटा text दिइनेछ र देहायअनुसार अङ्क प्रदान गरिनेछ ।

| शुद्ध शब्द प्रतिमिनेट (correct words/minute) | पाउने अङ्क |
|---|---|
| ६ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ० अङ्क |
| ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.५० अङ्क |
| ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | ०.७५ अङ्क |
| १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.०० अङ्क |
| १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.२५ अङ्क |
| १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.५० अङ्क |
| २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | १.७५ अङ्क |
| २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.०० अङ्क |
| २७ वा सो भन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रतिमिनेट वापत | २.२५ अङ्क |
| ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रतिमिनेट बापत | २.५० अङ्क |

३. नेपालीमा दिइएको Text लाई अनिवार्य रुपमा युनिकोड (रोमानाइज्ड वा ट्रेडिसनल) मा टाइप गर्नुपर्नेछ।

४. अंग्रेजी र नेपाली Typing मा दिइएको Text लाई आधारमानी टाइप गरेको Text सँग भिडाई परीक्षण गरिनेछ। दिइएको अंग्रेजी वा नेपाली Text मा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरूले आफ्नो Text मा Punctuation टाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिनेछैन । तत्पश्चात, निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रतिमिनेट ( Correct words/minute) निकालिनेछ।

Formula: शुद्ध शब्द प्रतिमिनेट (Correct Words/minute) = $\frac{(\text{Total words typed} - \text{Wron words})}{5}$

## सामूहिक परीक्षण

सामूहिक परीक्षण व्यक्तित्व परीक्षणको एक अंश हो। प्रदेश निजामती सेवा र स्थानीय सेवाको क्षेत्र विस्तार तथा कार्य पद्धति परिवर्तन समेत भैरहेको सन्दर्भमा नेपाल सरकारका नीति, योजना, कार्यक्रम लगायत शासन व्यवस्था सम्वन्धी समसामयिक विषयमाथि विचार– विमर्श, छलफल गरी तिनको अझै बढी प्रभावकारी तथा कार्यान्वयन योग्य समाधान पहिल्याउने सम्बन्धमा उम्मेदवारहरुको क्षमता पहिचान गर्नु यस परीक्षणको मूल मर्म हो। यसको लागि छलफल, विचार– विमर्श गरी परिस्थिति बुझ्न सक्ने, निर्णय दिने, जनतालाई क्रियाशील बनाउने, चित्त बुझाउने, निर्धारित लक्ष्य अनुसार काम गर्ने/गराउने, जस्ता कामका लागि लेखन क्षमताका साथसाथै समस्यालाई यथार्थपरक ढंगले पहिचान गर्नसक्ने, वाकपटुता, शिष्टता, तर्कशक्तिको पनि आवश्यकता पर्दछ ।

त्यसैले यस परीक्षणमा उम्मेदवारहरुको वौद्धिक क्षमता, संचार सीप, समूह गतिशिलता, व्यवहार, व्यक्तित्व, मनोवृति, क्रियाशीलता, निर्णयशक्ति, समस्या समाधान क्षमता, नेतृत्व क्षमता, समय व्यवस्थापन तथा व्यक्तित्वमा भएका अन्य गुणहरुको आकलन अर्थात परीक्षण र मूल्याङ्कन गर्नको लागि उम्मेदवारहरुलाई कुनै समसामयिक विषय/सवाल/समस्यामा सामूहिक छलफल गरी समस्या समाधान केन्द्रीत प्रभावकारी र कार्यान्वयन योग्य समाधान निकाल्न दिइन्छ ।

### सामूहिक छलफल

यस प्रयोजनको लागि गरिने परीक्षण १० पूर्णाङ्क र ३० मिनेट अवधिको हुनेछ जुन नेताविहिन सामूहिक छलफलको रुपमा अवलम्वन गरिनेछ। दिइएको प्रश्न वा Topic का विषयमा पालैपालोसँग निर्दिष्ट समयभित्र समूहवीच छलफल गर्दै प्रत्येक उम्मेदवारले व्यक्तिगत प्रस्तुति गर्नुपर्नेछ। यस परीक्षणमा मूल्याङ्कनको लागि देहाय अनुसारको ३ जना भन्दा बढीको समिति रहनेछ।

| | | |
|---|---|---|
| आयोगका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य | – | अध्यक्ष |
| आयोगका सदस्य | – | सदस्य |
| मनोविज्ञानवेत्ता | – | सदस्य |
| दक्ष/विज्ञ (१ जना) | – | सदस्य |